## प्रेस-विज्ञप्ती

**India International Trade Fair, 2018 मा नेपालको सहभागिताको लागि तयारी पुरा ।**

आगामी १४-२७ नोबेम्बर, २०१८ मा भारतको राजधानी नयाँ दिल्लीको प्रगती मैदानमा आयोजना हुन गईरहेको India International Trade Fair, 2018 मा नेपालको सहभागिताको लागि तयारी सम्पन्न भएको छ ।

नेपालको प्रभावकारी सहभागिताको लागि नेपाली उद्यमी व्यवसायीहरुको सहभागिता भई सो मेलामा नेपालको सहभागिता रहनेछ । नेपालका १० वटा फर्म/कम्पनिहरुले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले उपलब्ध गराएको स्टलमा सहभागिता हुनेछन । भारत स्थित नेपाली राजदुताबासको सहजिकरणमा सो व्यापार मेलामा नेपालले आफ्ना व्यावसायिक उत्पादनहरुको प्रदर्शनी तथा विक्री वितरण गर्ने व्यवस्था गरिएकोछ ।

नेपाली पशिमना, तयारी पोशाक, हाते कागजका सामाग्री, ढाका कपडा, फ्लोर कभरिङ्ग वेड कभर लगायत नेपाली हस्तकलाका वस्तुको मुख्य प्रदर्शनी तथा विक्री वितरण गरिने छ ।

उक्त व्यापार मेलाको अवसरमा B2B meeting तथा सास्कृतिक कार्यक्रम एव नेपाल भारत व्यापार लगानी विषयमा G2G स्तरमा समेत छलफल एव अर्न्तक्रिया कार्यक्रम आयोजना गरिनेछ र उक्त कार्यक्रमको नेपाली राजदुतावास, भारतले संयोजन गर्नेछ ।

नेपाल भारत व्यापार तथा लगानी प्रवर्द्धन, निकासीयोग्य वस्तुको बजारीकरण तथा मेलाबाट नेपाल भारत बीचको बढ्दो व्यापारघाटा कम गर्न सहयोग पुग्ने आशा गर्न सकिन्छ ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले सहभागिता गर्ने व्यवसायिहरुलाई यस मेलाबाट अधिकतम लाभ लिन व्यवसायिहरुलाई जानकारी गराइएको छ ।

यो मेला भारतको सबै भन्दा ठुलो व्यापारमेला भएकोले गुणस्तरीय वस्तुको प्रदर्शनी गरी नेपाली बस्तुको विश्व बजारमा प्रवर्द्धन गर्न समेत यस मेलाबाट अवसर प्राप्त हुने आशा नेपालले गरेको छ ।

नेपालको प्रभावकारी सहभागिताले यस व्यापार मेलाबाट नेपाललाई बहुआयामीक क्षेत्रमा लाभ हुने आशा गरेको छ ।

विगतमा समेत यस व्यापार मेलामा नेपालको सहभागिता रहने गरेको भए पनि निरन्तरता दिन नसकिएको अवस्थामा नेपाल यस मेलामा Focus Country को रुपमा यस पटक सहभगिता जनाउने छ । ४५ वर्ग मि. क्षेत्रमा ७ वटा स्टलको व्यवस्था सास्कृतिक कार्यक्रमको लागि स्टेज सजावट र नेपाल पेभिलियन निर्माण लगायत कार्य तथा व्यवसायिक वस्तुको छनोटका कार्य समेत सम्पन्न गरि यस मेलाको पूर्व तयारीका कार्य सम्पन्न गरेको छ र सो अवसरमा सहभागिता जनाउने व्यवसायी र केन्द्रबीच उक्त व्यापार मेलामा नेपालको सहभागितालाई सफलता पूर्वक सम्पन्न गर्ने विषयमा आपसि छलफल एव अर्न्तक्रिया समेत गरिएको छ ।

यस व्यापार मेलाबाट हुने उपलब्धी तथा लाभका बारेमा केन्द्रबाट निरन्तर जानकारी लिइने व्यवस्था समेत गरिएको छ ।

२०७५।७।२५